**चुलाचुली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चुलाचुली, ईलाम**
**१ नं. प्रदेश, नेपाल**
**बोलपत्र आह्वानको सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०७७/११/१० *(22 Feb 2021)***

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस गाउँपालिकाको आर्थिक ऐन, २०७७ मा व्यवस्था भए बमोजिम यस गाउँ कार्यपालिकाको मिति **२०७७ फागुन ९** गतेको निर्णयानुसार आ.व. २०७७/०७८ मा स्वीकृत IEE प्रतिवेदनले निर्धारण गरेको बमोजिम देहायका ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, निर्माण व्यवसायी वा संस्थाले तोकिएको शर्तहरूको अधिनमा रही बोलपत्र पेश गर्न ३० (तीस) दिने यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ :

| | | |
|---|---|---|
| **ठेक्का नं.** | : | 28/Chulachuli/077/078 |
| **ठेक्काको बिवरण** | : | चुलाचुली गाउँपालिकाअन्तर्गत बहने **नुनसरी, मावा, चाँजु र कमल** खेलाबाट स्वीकृत IEE प्रतिवेदनअनुसार निकालिने नदी जन्य सामाग्री सङ्कलन, घाटगद्दी एवम् बिक्री मूल्य कर |
| **न्यूनतम ठेक्का अङ्क** | : | ***रु. १,१३,३७,७२० (मू.अ.कर बाहेक)*** |
| **अवधि** | : | मिति **२०७७ बैशाख १ गतेदेखि २०७८ जेठ मसान्तसम्म** |
| **बोलपत्र दस्तुर** | : | रु. ३००० (तीन हजार) मात्र *(फिर्ता नहुने गरी)* |
| **बोलपत्र खरिद गर्ने अन्तिम मिति** | : | २०७७ चैत्र १० (23 March 2021) सम्म |
| **बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय** | : | बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट |
| **समय** | : | (अपरान्ह १२:०० बजेसम्म |
| **बोलपत्र खोलिने मिति र समय** | : | बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट |
| **समय** | : | अपरान्ह १:०० बजेसम्म |
| **धरौटी रकम** | : | कबोल अङ्कको ५% प्रतिशत |

**<u>शर्तहरू</u>**

१. बोलपत्र वा बिद्युतीय बोलपत्र खरिद गर्न ईच्छुक बोलपत्रदाताले तल उल्लेख भएअनुसारको बोलपत्र दस्तुर यस गाउँपालिकाको NMB Bank Chulachuli, Ilam शाखामा रहेको आन्तरिक राजश्व खाता नं. **१०३००६०७४४२०००३०** खातामा जम्मा गर्न सकिनेछ।

२. खरिद भएको बोलपत्र मिति २०७७ चैत्र ११ गते दिन दिनको १२:०० बजेभित्र यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं., कामको बिवरण, बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहा छाप गरी यस कार्यालयमा दर्ता वा **ई-बिडिङ**मार्फत् सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईट http://www.bolpatra.gov.np मा भएको प्रावधान बमोजिम बोलपत्र पेश गर्न सकिनेछ। साथै बिद्युतीय सञ्चारको माध्यमबाट बोलपत्र पेश गरिने बाहेक कुनै बोलपत्रदाताले आफूले पेश गरेको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा २४ घण्टा अगावै र बिद्युतीय माध्यमको बोलपत्र पेश गर्न तोकिएको अन्तिम समयभित्र शिलबन्दी निवेदन पेश गर्नु पर्नेछ।

३. कार्यालयबाट बोलपत्र फाराम खरिद गर्दा फर्म वा कम्पनीको नवीकरण भएको प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७६।०७७ को करचुक्ता प्रमाणपत्र र तोकिएको रकम नगदै (पछि फिर्ता नहुने गरी बुझाई



प्रमुख प्रशासकीय अधिकृत

माथि उल्लेखित समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ वा वेभसाईटमार्फत् बोलपत्र पेश गर्दा उक्त प्रमाणपत्रहरू माथि सोहीअनुसार पेश गर्नु पर्नेछ।

४. माथि उल्लेखित अधिकतम अङ्क भएको आन्तरिक आयको ठेक्का स्वीकृत भएपश्चात् सम्झौताका बखत सम्बन्धित ठेकेदारले मूल्य अभिवृद्धि करसहितको रकम चुलाचुली गाउँपालिकाको **बिभाज्य कोष** खातामा जम्मा गर्नु पर्नेछ।

५. बोलपत्र फारामहरू माथि उल्लेखित समयभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। सो समयभित्र पर्न आएका बोलपत्रहरू दाखिला गर्ने अन्तिम मितिका दिन दिनको १:०० बजेपछि बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो समयमा बोलपत्रदाता वा निजहरूको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. बोलपत्र फाराम जसको नाममा खरिद गरिएको हो सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ।

७. बोलपत्र फाराममा उल्लेखित कबोल अङ्कको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको नाममा रहेको धरौटी खाता नं. **१०३००६०७४४२०००३७** मा नगदै जम्मा गरेको सक्कलै बैङ्क भौचर प्रति वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बाणिज्य बैङ्कले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० (एक सय बीस दिन म्याद भएको विड वण्डको सक्कलै प्रति पेश गर्नुपर्नेछ। धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने व्यक्ति/फर्मको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ।

८. बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। टिपेक्स लगाएमा बोलपत्र दाताले टिपेक्स लगाएको ठाउँमा दस्तखत गरेको हुनु पर्नेछ।

९. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। मुनासिब कारणबाहेक सो अवधिभित्र सम्झौता गरी ठेक्कापट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको बोलपत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ।

१०. ठेक्काको स्वीकृत रकम एकमुष्ट बुझाएमा स्वीकृत अङ्कमा बढीमा १० प्रतिशत छुट दिन सकिनेछ। बराबर अङ्क कबोल भई किस्ता बन्दी र एकमुष्ट रकम बुझाउने ठेक्काको सम्बन्धमा निर्णय गर्दा एकमुष्ट रकम बुझाउनेलाई प्राथमिकता दिई चुलाचुली गाउँपालिकाले निर्णय गर्नेछ।

११. किस्ताबन्दी रूपमा रकम बुझाउँदा ठेकेदारले आफूले कबोल गरेको कुल रकम मू.अ.करसहित २ (दुई) किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता रकम सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ। त्यसपछिको बाकी किस्ताको रकम **बैशाख मसान्त**भित्र बुझाउनु पर्नेछ। साथै यसरी किस्ताबन्दीमा रकम बुझाउँदा ठेकेदारले ठेक्का कबोल गरेको अङ्कमा अन्तिम किस्ताको रकम बराबरको जमानत वापत नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त **"क"** वर्गको वाणिज्य बैङ्कबाट सम्झौता अवधिसम्मको बैङ्क ग्यारेन्टी सम्झौता गर्नुपूर्व पेश गर्नु पर्नेछ।

१२. किस्ता रकम म्यादभित्र बुझाउनु पर्नेछ। म्यादभित्र नबुझाएमा चुलाचुली गाउँपालिकालाई ०.०२ प्रतिशत प्रति दिन, सो किस्तामा बुझाउन बाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ।

१३. ठेकेदारसँग ठेक्का सम्झौता गर्दा एकमुष्ट रकम बुझाउनेको हकमा सम्पूर्ण रकम दाखिला गरिसकेपछि र किस्ताबन्दी बुझाउनेको हकमा पहिलो किस्ता बुझाएको रकमबाहेक दोस्रो र तेस्रो किस्ताको बुझाउन बाँकी रकम बराबरको यस कार्यालयको नाममा मान्यता प्राप्त बाणिज्य बैङ्कबाट जारी गरिएको २०७८ आषाढ मसान्तसम्म अवधि भएको बैङ्क ग्यारेन्टी (परफरमेन्स वण्ड वा ठेक्काको अन्तिम किस्ताको हुन आउने रकम नगदै पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलनपूर्जि दिइने छ। ठेक्का रकम एकमुष्ठ नबुझाई किस्तामा



प्रमुख प्रशासकीय अधिकृत

बुझाउने ठेकेदारले बाँकी रकमको बैङ्क ग्यारेण्टी पेश गर्दा आफूले कबोल गरेको कबोल अङ्क चुक्ता हुने गरीको बैङ्क ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

१४. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयम्ले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

१५. चुलाचुली गाउँपालिकालाई रकम बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति वा फर्महरूले त्यस्तो बाँकी रकम नबुझाएसम्म निजको बोलपत्र स्वीकृत गरिने छैन ।

१६. ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । बीचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरेभन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्वठेकेदारबाटै सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१७. **ठेक्का अवधिका सम्बन्धमा:** उत्खनन, सङ्कलन तथा बिक्री वितरण **२०७७ बैशाख १ देखि २०७७ जेठ मसान्तसम्मको** हुनेछ ।

१८. खोलाबाट निकालिने निर्माण सामाग्री निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनअनुसार निकाल्नु पर्नेछ । तोकिए बमोजिमका पुल पुलेसा, संरक्षण क्षेत्र, मसानघाट आदिको US (उत्तर मा ५०० मिटर र DS (दक्षिणमा ५०० मिटर बाहिरबाट मात्र र खोलाको मध्यम भागबाट मात्र सङ्कलन, उत्खनन् गर्ने तथा चुलाचुली गाउँपालिकाको स्वीकृती लिई उपयुक्त स्थानमा मात्र हेभी मेसिनरी उपकरण जस्तै: स्क्याभेटर, व्याकहोलोडर आदि प्रयोग गरी स्वीकृत IEE प्रतिवेदन र नेपाल सरकारको नीति निर्देशनअनुसार खोलाको सतहलाई IEE प्रतिवेदनले तोकेभन्दा गहिरो नहुने गरी सो भित्रबाट मात्र निर्माण सामाग्री निकाल्नु पर्नेछ । साथै महत्वपूर्ण राष्ट्रिय राजमार्गहरूमा सुख्खा निर्माण सामाग्री मात्र ओसार पसार गर्नु पर्नेछ । विभिन्न खोलाबाट निकालिने निर्माण सामाग्री बिक्री मूल्य करको ठेक्का लिएपश्चात् निर्माण सामाग्री उठाउन रोक लागे/लगाएमा ठेकेदार स्वयम् आफैंले मिलाई कर सङ्कलन गर्नु पर्नेछ । कुनै कारणबस कर सङ्कलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाहा दावी गर्न नपाइने र सो छुट मिनाहा दिन कार्यालय बाँध्य हुने छैन । निर्माण सामाग्री निकाल्दा विभिन्न खोलाहरूमा स्वीकृत IEE प्रतिवेदनअनुसार तोकिएको परिमाण र नाकाभित्र मात्र सिमित रही निर्माण सामाग्री निकाल्नु पर्नेछ । सो तोकिएको परिमाण तथा नाकाभन्दा बाहिर गई निर्माण सामाग्री निकाल्न पाईने छैन । साथै निर्माण सामाग्री उत्खनन् गर्ने समय **विहान सूर्योदयदेखि बेलुका सूर्यास्त**सम्म मात्र हुनेछ । साथै निर्माण सामाग्री ओसार पसार गर्ने सडकहरूका खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय-समयमा पानीले सडक भिजाउने कार्य सम्बन्धित ठेकेदारले गर्नु पर्नेछ । यस किसिमका उजुरीहरू स्थानीय स्तरबाट आउन नदिने गरी सम्बन्धित ठेकेदारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ । सो वापतको खर्च दावी गर्न पाईने छैन ।

१९. **नदीजन्य सामाग्रीहरू उत्खनन/सङ्कलन गर्दा उत्खनन् गरिने परिमाण निम्नानुसार हुनेछ:**

(क) **नुनसरी खोला प्याकेज नं. १ - इलाम-मोरङ सिमाना एक्ले सिशौ आसपासदेखि उत्तर १८००० घ.मि.**
***(ढुङ्गा गिट्टी, ग्राभेल -१८००० घ.मी.)***

(ख) **मावा खोला प्याकेज नं. २ - बिर्तावाले कुलोको ढुङ्गे चोक उत्तर - १३,००० घ.मि.**
***(ढुङ्गा गिट्टी, ग्राभेल -१३००० घ.मी.)***

(ग) **चाँजु खोला प्याकेज नं. ३ - खत्रीचोक उत्तर - १८,००० घ.मि.**
***(बलौटे माटो तथा भरोट- १८,०००)***

(घ) **कमल खोला प्याकेज नं. ४ - फार लाइन उत्तर - १८,००० घ.मि.**
***(बलौटे माटो तथा भरोट- १८,०००)***

उत्खनन् गर्ने परिमाण ठेगाना एवम् नाकाको विस्तृत विवरण बोलपत्र साथ संलग्न गरी उपलब्ध गराईने छ ।



प्रमुख प्रशासकीय अधिकृत

२०. बोलपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन विदा पर्न गएमा उक्त कार्य सो को क्रमशः भोलिपल्ट हुनेछ ।

२१. कुनै पनि कर शुल्क वा बिक्री मूल्य असुलउपर गर्न राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी कर शुल्क र मूल्य असुल गर्न पाइने छैन र कर सङ्कलन गर्ने स्थानमा कर सङ्कलन गरिने वस्तुहरूको मूल्यसहितको सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रूपमा राख्नु पर्नेछ ।

२२. ठेकेदारले नदीजन्य सामाग्रीको स्टक राख्नु पर्ने भएमा चुलाचुली गाउँपालिकालाई जानकारी गराई ईजाजत लिई खोला किनारबाट ५०० मिटरको दुरीमा राख्न सकिनेछ ।

२३. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार चुलाचुली गाउँपालिकालाई रहनेछ ।

२४. शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका बोलपत्रमाथि कारवाही हुने छैन ।

२५. यस कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको बोलपत्रलाई मान्यता दिईने छैन ।

२६. रोडा, ढुङ्गा, बालुवा, ग्राभेल तथा गिट्टी सङ्कलन तथा निकासी सम्बन्धमा नेपाल सरकारबाट स्वीकृत नियमनसम्बन्धी प्रतिवेदन पालना गर्नु पर्नेछ ।

२७. अनुमगन गर्दा कानून र मापदण्ड वमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून वमोजिम कारवाही गरिनेछ ।

२८. IEE प्रतिवेदनले तोकेको स्थान/नाकाबाट तोकेको परिमाणमा मात्र सङ्कलन गर्न पाईनेछ । यसरी सङ्कलन गरेको परिमाणको लागत प्रत्येक १५/१५ दिनमा चुलाचुली गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ । सङ्कलन गरिसकेको नदीजन्य सामाग्रीलाई घाटगद्दी गरेरमात्र बिक्री वितरण गर्नु पर्नेछ । यसरी सङ्कलन तथा घाटगद्दी गर्दाको लागत स्वयम् ठेकेदारले बेहोर्नु पर्नेछ । तोकिएको परिमाणभन्दा घटी परिमाणमा निर्माण सामाग्री सङ्कलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन ।

२९. **मिन्हा माफी तथा छुट सम्बन्धमा :** यस सूचना वमोजिम सम्झौता भई ठेक्का चलानपूर्जी जारी गरिएपछि कुनै किसिमको मिनाहा वा छुट हुने छैन ।

३०. सङ्कलन गरिने सामाग्रीको प्रदेश सरकारले तोके बमोजिमको दररेटसहितको नगदी रसिद ठेकेदार स्वयम्ले छपाई सो को बिवरण गाउँपालिकामा पेश गरी रसिदहरू छाप लगाएर मात्रै जारी गर्नु पर्नेछ ।

३१. माथि उल्लेखित शर्तहरू बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४, चुलाचुली गाउँपालिकाको आर्थिक ऐन, २०७७ सम्झौताका बखतमा समेत निर्धारित हुनेछन् ।

३२. अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा चुलाचुली गाउँपालिकाको राजश्व र वातावरण शाखामा सम्पर्क राख्न सकिनेछ ।

..................

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत